

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड

साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २९१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ कार्तिक २७ गते मंगलबार ❑ 12 Nov. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## 'लगानीको सुरक्षा गर्न गण्डकी प्रदेश सरकार तयार'

**पोखरापत्र संवाददाता**
पोखरा, २६ कार्तिक

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले व्यवसायीको लगानी सुरक्षाका लागि प्रदेश सरकार सधैं तयार रहेको बताउनुभएको छ ।

नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को गैंडाकोटस्थित नारायणी नदी किनारमा सोमबारदेखि सुरु भएको 'दोस्रो गण्डकी प्रदेश महोत्सव-२०८१' को समुद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले लगानीमैत्री कानुन निर्माण गर्न प्रदेश सरकार तयार रहेको बताउनुभएको हो । "तपाईंहरुको लगानीमा कुनै सुरक्षाको खतरा छ भने त्यो मलाई भन्नुस्", उहाँले भन्नुभयो,




"सुरक्षाको ग्यारेन्टी गर्छौं ।" निजी क्षेत्रले गर्ने हरेक क्रियाकलापमा प्रदेश सरकार सधैं सकारात्मक र सहयोगी भूमिकामा रहेको उहाँले बताउनुभयो । गण्डकी प्रदेशमा लगानी गर्न चाहने स्वदेशी वा विदेशी उद्योगी व्यवसायीहरुले यहाँ लगानी गर्न खोज्दा गण्डकी प्रदेश सरकारको ऐन कानुन बाधक छन् भने ती सबै संशोधन गर्न आफू तयार रहेको उहाँले उल्लेख गर्नुभयो । उहाँले महोत्सवहरुले उत्पादनको बजारीकरण गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रदेशको आर्थिक गतिविधि चलायमान बनाउन त्रिवेणी कोरला नाका सञ्चालन गर्नुपर्ने र त्यसका लागि पूर्वाधार निर्माण गर्न सङ्घीय सरकारसँग पहल भइरहेको उहाँले बताउनुभयो । भारत र चीनसँग व्यापार गर्ने सबैभन्दा छोटो नाकाको रुपमा त्रिवेणी कोरला नाका भएकाले पूर्वाधार निर्माण र सडक स्तरोन्नति गरिरहेको उहाँले बताउनुभयो । नेपाल उद्योग वाणिज्य महासङ्का अध्यक्ष चन्द्रप्रसाद ढकालले सरकारले निजी क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्नुपर्ने बताउनुभयो । व्यवसायमैत्री कानुन बनाउनका लागि नीति निर्माणमा निजी क्षेत्रलाई पनि सहभागी गराउनुपर्ने ढकालको सुझाव छ । मङ्सिर १० गतेसम्म सञ्चालन हुने महोत्सवमा तीन सय वटा स्टलहरु छन् ।

## कास्कीमा 'एक पालिका एक हुलाक' कार्यालय

**पोखरापत्र संवाददाता**
पोखरा, २६ कार्तिक

सरकारको हुलाक सेवालाई पुनःसंरचना गरी 'एक पालिका एक हुलाक कार्यालय' को अवधारणा कास्कीमा कार्यान्वयन सुरु भएको छ ।

अन्नपूर्ण गाउँपालिकामा आइतबार पालिका हुलाक कार्यालय स्थापना गरिएको छ । हुलाक निर्देशनालय पोखराअन्तर्गत अन्नपूर्ण गाउँपालिकाको भवनमा पालिका हुलाक कार्यालयको स्थापना गरिएको हो । सरकारले हरेक पालिकामा हुलाक कार्यालय स्थापना गरी सेवा सञ्चालन गर्ने नीतिबमोजिम कार्यालय सञ्चालनमा ल्याइएको हुलाक निर्देशनालय पोखराका हुलाक निर्देशक नारायणप्रसाद आचार्यले बताउनुभयो ।

उहाँले हुलाकलाई सूचना प्रविधिसँग जोड्दै सङ्घीय शासन प्रणालीअनुसार सेवा सुरु गरिएको बताउनुभयो । कार्यालय स्थापनाले हुलाकको सेवालाई सहज बनाउन मद्दत पुग्ने र सरकारी नीति कार्यान्वयन हुने निर्देशनालयका शाखा अधिकृत तुलसी आचार्यले जानकारी दिनुभयो ।

जिल्लाका बाँकी माछापुच्छ्रे, रुपा र मादी गाउँपालिकामा समेत मङ्सिर पहिलो साताभित्रमा पालिका हुलाकका कार्यालय सञ्चालनमा ल्याइने योजना रहेको उहाँले जानकारी दिनुभयो । हुलाक निर्देशनालय मातहतमा जिल्लामा यसअघि १३ वटा इलाका हुलाक कार्यालय रहेका थिए । सरकारको नीतिअनुसार चारवटा इलाका हुलाक कार्यालयलाई पालिकामा रुपान्तरण गरेर बाँकी खारेज हुनेछन् ।

यसैगरी जिल्लामा यसअघि ३७ अतिरिक्त हुलाक कार्यालय रहेकामा चालु आवमा २२ छन् । पोखरा महानगरमा तीन काउन्टर सञ्चालनमा रहेको छ । अधिकृत आचार्यका अनुसार केन्द्रको नीतिअनुसार अतिरिक्त हुलाकमा रहेका कर्मचारीको उमेर ५८ वर्ष पुगेर कार्यालयमा कर्मचारीविहीन भएपछि बाँकी रहेका अतिरिक्त हुलाक कार्यालय समेत क्रमशः खारेज हुनेछ । सरकारले गत आवदेखिनै 'एक पालिका एक हुलाक'को अवधारणा कार्यान्वयनमा ल्याएको थियो ।

## विश्व शान्ति स्तुपको २५ औं वार्षिक पूजा

**पोखरापत्र संवाददाता**
पोखरा, २६ कार्तिक

पोखरा २२ का वडा अध्यक्ष हिमलाल बरालले विश्व शान्ति स्तुपःले स्थानियको आर्थिक विकास र समृद्धिमा टेवा पुगेको बताउनु भयो ।

हालै सम्पन्न भएको विश्व शान्ति स्तुप को २५ औं वार्षिक पूजा कार्यक्रममा बोल्दै उहाँले पुम्दी भुम्दी क्षेत्रको धार्मिक एवं पर्यटकीय गन्तव्य विश्व शान्ति स्तुपले धेरै पर्यटकहरुलाई आकर्षण गर्दा स्थानियको आर्थिक विकास र समृद्धिमा टेवा पुगेको बताउनु भएको हो ।

पुम्दी भुम्दी मा रहेको पर्यटकीय क्षेत्र विश्व शान्ति स्तुप, बिशाल महादेवको मुर्ति, बुद्ध पार्क निर्माण लगायतका भौतिक संरचना निर्माण हुनुले यहाँको धार्मिक एव पर्यटकीय महत्व झन बढेको अध्यक्ष बरालले जनाउनु भयो । विश्व



शान्ति स्तुप स्थापनाले यस क्षेत्रको पहिचान र विकासको लागि स्थानियको आयआर्जन, जिविकोपार्जन जिवनस्तर उकासिएको अध्यक्ष बरालले बताउनु भयो । पोखरा २२ का जनताले यस्को अपनत्व लिन वडाले यसको विकासमा पुर्वाधार निर्माणमा सघाउने उहाँले प्रतिवद्धता व्यक्त गर्नु भयो । जापान, चाइना, नेपाल र भारतका भिक्षुहरु एकसाथ मिलर उक्त पूजा गर्दा करुणा मैत्री विश्व बन्धुत्वको भाव आई रहेको र यो सब बुद्ध को शिक्षा, धर्मले गर्दा सबै एक सुत्रमा बाधिएको धर्म गुरुहरुले भनाई थियो । विश्वशान्ति स्तूप समितिका अध्यक्ष उत्तममान बुद्धाचार्यले विश्व पर्यावरण जोगाउन विश्वमा शान्ति स्थापना गर्न, शिक्षा अपरीहार्य रहेको बताउनुभयो । कार्यक्रममा विशेष अतिथि भारतको नागपुर स्थित पञ्जा मेक्ता संघका अध्यक्ष भिक्षु संघरत्न मानके, लुम्बिनी शान्ति स्तुपका भिक्षु ताजुमा साता, पोखरा नदीपुर स्थित धर्मशाला बुद्ध बिहारका भिक्षु धज्जवन्त, सचिव प्रकाश मान उदास लगायतले दिप प्रज्वलन गर्दै बुद्ध जन्मभुमि नेपालको लुम्बिनी, विश्व प्रसिद्ध सगरमाथाको देश नेपालको विश्व सामु व्यापक प्रचार प्रसार गर्न आवश्यक भएकोमा जोड दिनुभयो । शान्ति स्तुपःमा दर्शन गर्नाले शान्ति करुणा र मैत्रीको अनुभुती गरी आनन्दीत हुने समितिका अध्यक्ष बुद्धचार्यले विश्वास व्यक्त गर्नु भयो । अब यस सम्पदा लाई संघिय, प्रदेश र स्थानीय सरकारले प्राथमिकतामा राखी संरक्षण, संर्वधन गर्नु पर्ने माग राख्नु भयो । सहसचिव चम वहादुर गुरुङ्गले कार्यक्रम संचालन गर्नु भएको थियो ।

## निवर्तमान प्रदेशमन्त्री अधिकारीलाई हिरासतमा राख्न दुई दिन म्याद थप

**रासस**
काठमाडौं, २६ कार्तिक

नक्कली कागजात बनाएर तीन जनालाई जापान लगेको कसुरमा अनुसन्धानका लागि पक्राउ परेका कोशी प्रदेशका निवर्तमान आन्तरिक मामिला तथा कानुनमन्त्री लिलाबल्लभ अधिकारीलाई थप दुई दिन हिरासतमा राख्न अदालतबाट म्याद थप गरिएको छ ।

नक्कली कागजात बनाएर तीन जनालाई जापान लगेको कसुरमा अनुसन्धानका लागि आज अपराह्न अधिकारीलाई काठमाडौं ल्याई अदालतबाट दुई दिनको म्याद थप गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अधिकारीलाई विराटनगरमा पक्राउ गरिएको


बाँकी अन्तिम पृष्ठमा ▶▶



## हार्दिक बधाई एवम् शुभकामना !



**Samita Thapa, Full Scholarship**

**MBBS (Pokhara Academy of HS MECEE-BL 2025)**

यस भद्रकाली माध्यमिक विद्यालयका मेधावी छात्रा **श्री समिता थापाले** चिकित्सा शिक्षा स्नातक तह (MECEE–BL 2025) अन्तर्गत एम.बी.बी.एस. प्रवेश परीक्षामा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै समुज्जवल भविष्यको कामना गर्दछौं । साथैं सुख र गौरवको यो क्षणमा आदरणीय अभिभावकज्यूहरु, शिक्षक तथा कर्मचारी मित्रहरु र सम्पूर्ण शुभचिन्तक महानुभावहरुमा **हार्दिक आभार** व्यक्त गर्दछौं । समिता थापाको यो सफलताले हाम्रा विद्यार्थीहरूमा थप प्रेरणा र हौसला मिल्ने कुरामा हामी विश्वस्त छौं ।

**लोकबहादुर कार्की**
**वि.व्य.स. अध्यक्ष**

**यदुराज पगेनी**
**प्रधानाध्यापक**

**एवम्**
**विद्यालय परिवार**

**श्री भद्रकाली माध्यमिक विद्यालय**
**पोखरा-१३, कुँडहर, कास्की**


## कोप-२९ उद्घाटन, जलवायुजन्य समस्याका समाधान खोजिने विश्वास

**रासस**
काठमाडौं, २६ कार्तिक

सोमबारदेखि अरजरबैजानको बाकुमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसीसीसी) का पक्ष राष्ट्रहरुको २९औँ सम्मेलन (कोप-२९) को उद्घाटन भएको छ ।

उद्घाटन सत्रमा जलवायुसम्बन्धी समस्या निराकरणका लागि विश्व समुदायले एकताबद्ध रुपमा आवाज उठाउनुपर्नेमा जोड दिइएको छ ।

सम्मेलनको आज उद्घाटन गर्दै, कोप २९ का अध्यक्ष मुख्तार बाबायेभले जलवायु परिवर्तनका कारण विश्व नै विनासको मार्गमा पुगेको बताउँदै जलवायुजन्य समस्या समाधान र जलवायु जोखिमका सम्भावित समस्याका विषयमा एकजुट



भएर समाधान गर्नुपर्नेमा जोड दिनुभएको छ । यसैगरी उद्घाटन सत्रमा बोल्दै निवर्तमान कोप-२८ का अध्यक्ष सुल्तान अल जाबेलेदले सबैको सहकार्य र एकताले जलवायुजन्य समस्या निराकरणमा सहयोग पुग्नेमा जोड दिनुभयो । "म तपाईंलाई अन्तिम सन्देश दिन चाहन्छु कि सबैको सकारात्मकताले नै जलवायु न्यूनीकरणका नीति कार्यान्वयनलाई बलियो बनाउन सकोस्", उहाँले भन्नुभयो ।

संयुक्त राष्ट्रसङ्घ जलवायु परिवर्तन कार्यकारी सचिव साइमन स्टियलले विश्वभर बढिरहेको जलवायुजन्य सङ्कटले संसारको हरेक व्यक्ति कुनै न कुनै प्रकारले प्रभावित भइरहेको बताउनुभयो । जलवायुजन्य समस्या समाधान गर्न सबै एकजुट हुनुपर्नेमा उहाँको जोड छ । आगामी नोभेम्बर २२ तारिख (मङ्सिर ७ गते) सम्म चल्ने कोप सम्मेलनमा भाग लिन नेपालको प्रतिनिधित्व गर्दै राष्ट्रप्रमुख रामचन्द्र पौडेल बाकु पुग्नुभएको छ । राष्ट्रपति पौडेलका वन तथा वातावरण सल्लाहकार डा प्रमेश्वर पोखरेलले जलवायु परिवर्तन गराउने मुख्य तत्व कार्वन उत्सर्जनले निम्त्याएका समस्या समीक्षा गर्दै यसको न्यूनीकरणका लागि कोप सम्मेलनमा समाधान पहिल्याउने विश्वास व्यक्त गर्नुभयो । विकासशील देशहरुले जलवायु परिवर्तनका कारण भोग्नुपरेका समस्या समाधानका लागि अपनाउनुपर्ने उपायबारे सम्मेलनले निष्कर्ष निकाल्ने उहाँको भनाइ छ । राष्ट्रपति पौडेलले यस वर्षको कोपमा हिमाल र पृथ्वीको सुरक्षाका लागि विश्वसमक्ष नेपालको धारणा प्रस्तुत गर्दै हुनुहन्छ । एक सय ९२ भन्दा बढी मुलुकको राष्ट्र प्रमुखदेखि उच्च पदस्थ अधिकारीहरु सम्मिलित सम्मेलनमा उहाँले हिमालको सुरक्षाको मुद्दालाई प्राथमिकताका साथ प्रस्तुत गर्ने कार्यक्रम तय


बाँकी अन्तिम पृष्ठमा ▶▶

# जिल्ला समन्वय समिति कास्कीको कृषि क्षेत्रसँग अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, २६ कार्तिक

जिल्ला समन्वय समिति कास्कीले कास्की जिल्लास्थित कृषि तथा पशुपालन क्षेत्रका सरोकारवालाहरूसंग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

कार्यक्रमको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले उदघाटन गर्नुभएको थियो। पौडेलले कृषक र कृषक क्षेत्रमा समस्याहरूको पहिचान सहित समाधान गर्ने उद्देश्यले सो कार्यक्रम आयोजना गरिएको उल्लेख गर्नुभयो । प्रमुख पौडेलले पहिचान भएका समस्या समाधानमा केन्द्रीत हुन् राज्यका सरोकारवाला निकाय गम्भीर हुन आग्रह गर्नुभयो । कृषिमा आत्मनिर्भर हुने कार्यक्रम अति जरूरी भैरहेको अबस्थामा प्रबिधि र समयको उचित प्रयोग सहित वास्तविक किसान सम्म पुग्ने कार्यक्रम बनाउन पौडेलले आग्रह गर्नुभयो। कार्यक्रममा माछापुच्छे गाउपालिका धितालका कृषक नबीनराज अधिकारीले कार्यक्रम प्रभाबकारी भएको भन्दै कतिपय पालिकास्तारका कार्यक्रम बास्तबिक लक्षित कृषक संग नपुगेको भन्दै दुखेसो पोख्नुभयो । उनले उत्पादन देखि बजारिककरणका समस्याले कृषक पिडित हुनुपरेको भन्दै त्यसको समाधानमा ध्यान दिन आग्रह गर्नुभयो । कृषकहरूलाई पर्याप्त तालिम, जानकारी अभाब ब्यबसायिक कृषिमा बाधा भएको अर्का कृषक बृजलाल



चौधारीले उल्लेख गर्नुभयो ।कृषि आबद्ध कार्यालयहरूका सुचना आफुहरूको पहुचमा नभएको भन्दै बास्तबिक किसान मारमा परेको दाबी गर्दै अनुदान समेत कृषकको पहुचमा नहुदा कठिनाइमा परेको उनले उल्लेख गर्नुभयो । पोखरा २२ का अर्का कृषक देविलाल बरालले बालि र नश्ल सुधारमा केन्द्रीत हुदै बाली तथा पशुमा लाग्ने रोग अर्को मुख्य समस्या भएको उल्लेख गरे । बादर आतंक र बाली तथा नश्लको समस्यामा केन्द्रीत हुन अनुरोध गर्नुभयो ।

कार्यक्रममा कृषक रामकृष्ण लामिछानेले भैसी तथा पाडा पाडी अनुदान सम्बन्धि ब्यबस्था बैज्ञानिक नभएको भन्दै उन्नत जातका नश्ल उत्पादनका कार्यक्रम ब्यबसायिकतामा मात्रै केन्द्रीत हुनु दुखद भएको जिकिर गरे । कृषक दुर्गा बहादुर क्षेत्रीले किसानले बाली जोगाउन र पशुपालकले पशु जोगाउन मुश्किल परेको तर्फ राज्यका निकाय गम्भीर हुनुपर्ने उल्लेख गर्नुभयो । एग्रो टुरिजम सहकारीका अध्यक्ष डिल्लीराम बरालले युबा पुस्तालाई आकर्षण गर्ने खालका कार्यक्रम आबश्यक भएको उल्लेख गर्नुभयो । उनले कृषि पर्यटनलाई संग संगै अगाडि बढाउँन सके मात्रै नीति तथा कार्यक्रम थापा प्रभाबकारी बनाउन सकिने उल्लेख गर्नुभयो । कृषि बिमा समेत प्रभाबकारी बनाउन आग्रह गर्दै बरालले बिमा सचेतना कार्यक्रम थप प्रभाबकारी बनाउनुपर्ने बताउनुभयो।

आइ भी आइ पोटेनसियल इन्स्युरेन्स पोखराका प्रतिनिधि नवराज पौडेलले बिमाका नीति नियम र कानुनले साथ् दिएका बिषयमा बिमाले भुक्तानी गरिरहेको दाबि गर्नुभयो । खाद्य ब्यबस्था गुणस्तर कार्यालय पोखराका प्रमुख रन्जना के सीले न्युनतम समर्थन मुल्यमा कृषकका उत्पादन आफूहरूले खरिद गरिरहेको भन्दै दिर्घकालिन मौज्दान रहने खाद्यान्नको न्युनतम समर्थन मुल्यमा खरिद गरिने उल्लेख गर्नुभयो। पोखरा महानगर आर्थिक महाशाखा प्रमुख मनहर कडरियाले कृषि क्षेत्रमा जिसस कास्कीले गरेको समन्वयात्मक भूमिका उल्लेखनीय भएको भन्दै यसले उचित प्रतिफल दिनेमा आफु बिश्वस्त भएको उल्लेख गर्नुभयो । कृषि क्षेत्रमा राज्यका सबै तहले न्यून बजेट विनियोजित गर्दा काम प्रभाबकारी हुन नसकेको उल्लेख गर्दै आगामी बर्षबाट बजेट वृद्धि गर्नेतर्फ ध्यानाकार्षण गराउनुभयो । कडरियाले सहुलयित दरको ऋण उपलब्ध हुने बाताबरण निर्माणमा जुट्न आग्रह गर्दै कृषिको नीतिगत झन्झटका कारण पनि व्यवसायिकताको बिकासमा अप्ठ्यारो भएको बताउनुभयो । उहाले सरकारले चालाएको किसान शुद्धिकरण अभियान प्रभाबकारी बनाउनुपर्ने बताउनुभयो।

जिल्ला समन्वय समिति कास्कीका सदस्य राजु अधिकारीले भैरहेका सकारात्मक कार्यक्रमको समिक्षा सहित आगामी बर्ष परिमार्जित नीति कार्यक्रम लागु गर्न पालिकाहरूलाई आग्रह गर्नुभयो।

जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपप्रमुख सरिता मालले स्वागत र संचालन जिल्ला समन्वय अधिकारी नवराज बरालले गर्नुभएको थियो । कार्यक्रममा कास्की जिल्लामा कृषि तथा पशुपालन क्षेत्रमा आबद्ध कृषक एबम, बिमा कम्पनी सहित अन्य सरोकारवालाहरूको उपस्थिति रहेको थियो।

# तमु विद्यार्थी छोंज धींको अध्यक्षमा चितवनका पवन

**पोखरापत्र संवाददाता**
दमौली, २६ कार्तिक

नेपाल तमु विद्यार्थी छोंज धींको केन्द्रीय अध्यक्षमा चितवनका पवन तमु निर्वाचित हुनुभएको छ । आइतबार बिहान दमौलीमा सम्पन्न बाह्रौ महाधिवेशनबाट पवनको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ।



महाधिवेशनबाट उपाध्यक्षमा दोलखाका विष्णु तमु, लमजुङका गौचन तमु, महिला उपाध्यक्षमा झापाकी सिर्जना तमु, महासचिवमा कास्कीका युवराज तमु, उपमहासचिवमा धादिङका अनिल तमु, सचिवमा विकास तमु, कास्कीकी नेहा तमु, स्याङ्जाका युवराज तमु, बाँकेका प्रकाश तमु, काठमाडौकी इशा तमु निर्वाचित हुनुभएको छ। कोषाध्यक्षमा नवलपरासीका अनुपम तमु, सहकोषाध्यक्षमा काभ्रेकी अन्जु तमु, सङ्गठन विभाग प्रमुखमा चितवनका सविन तमु, प्रचारप्रसार विभाग प्रमुखमा गोरखाका मनोज तमु, भाषा, साहित्य, संस्कृति तथा अतिरिक्त क्रियाकलाप विभाग प्रमुखमा काभ्रेकी इशा तमु, विदेश विभाग प्रमुखमा गोरखाका सोम तमु, आइटी विभाग प्रमुखमा चितवनका सुनिल तमु, शैक्षिक विभाग प्रमुखमा गोरखाका वृषराम तमु, प्रशिक्षण, अनुशासन तथा अनुगमन विभाग प्रमुखमा स्याङ्जाका गोविन्द तमु निर्वाचित हुनुभएको छ । यस्तै केन्द्रीय सदस्यहरूमा सुनिल तमु, सोम तमु, सुशन तमु, माधव तमु, राजाराम तमु, आयुष तमु, रुक्सन तमु, प्रज्वल तमु, एलिना तमु, रितेश तमु, मनिष तमु, विनिसा तमु, प्रितम तमु, अनु तमु, इन्द्रमणि तमु, ममता तमु, राज घले, कोपिला तमु निर्वाचित हुनुभएको छ।

गत शुक्रबार सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले उद्घाटन गरेसँगै सुरु भएको महाधिवेशन सर्वसम्मत नेतृत्व चयन गरी आइतबार सम्पन्न भएको हो।

# भाषिक र सांस्कृतिक अतिक्रमणप्रति सचेत हौँ : मन्त्री गुरुङ

**रासस**
काठमाडौं, २६ कार्तिक

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले जातीय सद्भावमा बलियो शक्ति हुने भएकाले भाषिक र सांस्कृतिक अतिक्रमणप्रति सचेत रहन आग्रह गर्नुभएको छ।

राष्ट्रिय विभूति एवं नेपाल संवत्‌का प्रवर्तक शङ्खधर साख्वाको स्मृति दिवसका अवसरमा पद्मरत्न तुलाधर लुमति गुठीद्धारा आज यहाँ आयोजित कार्यक्रममा मन्त्री गुरुङ्ले धार्मिक, सांस्कृतिक र जातीय विविधताबीच एकताको महत्वबारेसमेत चर्चा गर्नुभयो । "जहाँ सांस्कृतिक रूपमा मानिस एकबद्ध छन्, त्यो धेरै शक्तिशाली समाज हो। कसैले त्यो समाजलाई कमजोर बनाउनुछ भने पहिलो चोटी नै उसको संस्कृतिमाथि हमला गर्छ", उहाँले भन्नुभयो, "राष्ट्रवाद भनेको कुनै सिमामा मात्र खोज्ने कुरा होइन। हाम्रो राष्ट्रियता प्रत्येक जनताको अनुहारमा खोज्नुपर्छ। त्यसैले सबै समुदाय र व्यक्तिले राज्यको स्रोत र शक्तिमा पहुँच भएको महसुस हुनुपर्छ।"

मन्त्री गुरुङले राष्ट्रिय विभूति साख्वा राष्ट्रिय एकताको प्रतिक भएको उल्लेख गर्दै भाषा संरक्षणको दिगोपनका लागि घरबाटै मातृभाषाको अभ्यासलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो । "भाषा संरक्षणका लागि सबैभन्दा पहिला पाठशाला घर हो। पहिलो गुरुआमा भनेको घरको आमा हुन", उहाँले भन्नुभयो, "धेरै आदिवासीका भाषाहरू जुन व्यवहारमा रुपान्तरण हुदैन, शैक्षिक संस्थामा पढाइँदैनन्, साहित्यमा विकास भएको छैन र व्याकरण विकास भएको छैन । त्यस्ता भाषाहरूको संरक्षण घरघरबाट हुनुपर्छ।" नेपाल संवत्‌को महत्वलाई राज्यले महत्व दिएर अघि बढने मन्त्री गुरुङले बताउनुभयो।

नेपाल भाषासँग सिङ्गो नेपालको सार्वभौमिकता जोडिएको उहाँको भनाइ थियो । "संयुक्त राष्ट्रसङ्घले समेत नेपाल भाषीको देश नेपाल हो भनेर चिनेको छ। त्यसैले नेपाल भाषाको महत्व, नेपाल संवत्‌को महत्व, नेपाल मण्डलको महत्वलाई राज्यले जहिल्यै पनि महत्व दिएर अघि बढनेछ", उहाँले भन्नुभयो।

# विश्वको मुख्य समस्या नै जलवायु परिवर्तनः राष्ट्रपति पौडेल

**रासस**
काठमाडौं, २६ कार्तिक

राष्ट्रपति रामचन्द्र पौडेल अजरबैजानको बाकुमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय संरचना महासन्धि पक्ष राष्ट्रहरूको २९औँ सम्मेलन (कोप-२९) मा भाग लिन सोमबार आइपुग्नुभएको छ । उहाँलाई यहास्थित हैदर अलियभ अन्तर्राष्ट्रिय विमानस्थलमा अजरबैजानका न्याय मन्त्री फारिद तरुव अहमदोभले स्वागत गर्नुभएको थियो।

भेटका क्रममा राष्ट्रपति पौडेलले अहिलेको विश्वको समस्या नै जलवायु परिवर्तन भएको बताउनुभयो। उहाँले यस सम्मेलनले विकसित देशलाई कार्बन उत्सर्जन कम गर्न र जलवायु कोषमा प्रतिबद्धताअनुसारको रकम लगानी गर्न तथा कार्बन उत्सर्जनमा न्यून योगदान गरेर पनि मारमा परेका विकासशील देशका लागि लगानी गर्न प्रेरित गर्नुपर्नेमा जोड दिनुभयो । उहाँका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो।

उहाँका अनुसार न्यायमन्त्री अहमदोभले यस सम्मेलनको मुख्य विषय नै सोही भएको उल्लेख गर्दै विकासशील देशमाथि न्याय गरिनुपर्ने आवश्यकता औँल्याउनुभएको थियो । उहाँले अजरबैजानमा नेपालका जस्ता पहाड नभए पनि यहाँका हिमाल पग्लिएर पानीको स्रोत सुक्न थालेको बताउनुभएको थियो।

सोमबारदेखि सुरु भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय संरचना महासन्धि पक्ष राष्ट्रहरूको २९औँ सम्मेलन (कोप-२९) मा उच्चस्तरीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै राष्ट्रपति पौडेल कतारको दोहा हुँदै यहाँ आइपुग्नुभएको हो।

सो भ्रमण दलमा प्रथम महिला सबिता पौडेल, वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही, राष्ट्रपतिका विज्ञ तथा सल्लाहकारसहित नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरूको सहभागिता छ।

कोप-२९ अन्तर्गतको सम्मेलनमा राष्ट्रपति पौडेलले उच्चस्तरीय सत्रको 'विश्व नेताहरू जलवायु कार्य शिखर सम्मेलन'लाई सम्बोधन गर्ने कार्यक्रम छ। सम्मेलनका क्रममा नेपालले आफ्ना एजेण्डामाथि विश्वको ध्यानाकर्षण गराउन यही कात्तिक २८ गते राष्ट्रपति पौडेलको नेतृत्वमा बेग्लै उच्चस्तरीय सत्र सञ्चालन हुनेछ।

सम्मेलन आगामी मङ्सिर ७ गतेसम्म चल्नेछ। सम्मेलनमा भाग लिएर राष्ट्रपति पौडेल कात्तिक ३० गते स्वदेश फर्कने कार्यतालिका छ।

# बागलुङको छिस्तीमा 'पिकअपभ्यान' दुर्घटना हुँदा पाँचको मृत्यु

**रासस**
बागलुङ, २६ कार्तिक

बागलुङको जैमिनी नगरपालिका-८ छिस्तीबाट जिल्ला सदरमुकाम बागलुङ बजार आउँदै गरेको 'पिकअपभ्यान' जैमिनी-७ जैदीको व्यार्थला नजिकै सोमबार बिहान दुर्घटना हुँदा चालकसहित पाँच जनाको मृत्यु भएको छ।

जैमिनी-७ जैदी र छिस्तीको सिमाना व्यार्थला नजिकै ग२च ९२४७ नम्बरको भ्यान सोमबार बिहान दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक केशव थापाले जानकारी दिनुभयो।

उहाँका अनुसार मृत्यु हुनेमा जीपका चालक बागलुङ जैमिनी-८ छिस्ती केवइका ३८ वर्षीय महेन्द्र पुन, सोही ठाउँका २० वर्षीया रश्मी श्रीष, ५० वर्षीया नन्दकली पुन, १७ वर्षीय निरज श्रीष र ७५ वर्षीय कुलप्रसाद श्रीष रहनुभएको छ।

भ्यान सडकदेखि पाँच सय मिटरभन्दा धेरै तल खसेको प्रहरी निरीक्षक थापाले बताउनुभयो । दुर्घटनामा घाइते हुनुभएका सोही ठाउँका ४५ वर्षीय गङ्गाबहादुर श्रीष शरीरको विभिन्न भागमा चोट लागेको छ।

## निवर्तमान ...


थियो, हामीले काठमाडौँ ल्याएर अदालतबाट दुई दिनको म्याद भएको छ।" यही कात्तिक १४ गते अधिकारीसँगै टोकियो विमानस्थलबाट खोटाङका दावा शेर्पा र जनक राई तथा रसुवाका कञ्चन देवकोटा डिपोर्ट भएको प्रहरीले जनाएको छ। नक्कली कागजात बनाएर जापान पुगेपछि डिपोर्ट भएका शेर्पा, राई र देवकोटाले जापान जान प्रतिव्यक्ति रु १० लाख बुझाएको आरोप छ । यसैगरी नेकपा (एमाले) कोशी प्रदेशले साधारण सदस्यसमेत नरहने गरी अधिकारीलाई गरेको कारबाहीलाई शनिबारको एमाले केन्द्रीय सचिवालय बैठकले अनुमोदन गरेको थियो।

## कोप-२९ ...

भएको राष्ट्रपतिको सचिवालयले जनाएको छ।

सचिवालयका अनुसार उहाँले जलवायु परिवर्तनको असरका कारण बढेको जोखिमका उदाहरणसमेत प्रस्तुत गर्ने कार्यक्रम छ । राष्ट्रपति पौडेललाई दर अलीएभ अन्तर्राष्ट्रिय विमानस्थलमा अजरबैजानका न्यायमन्त्री फरिद अहमदोले स्वागत गर्ने क्रममा हालको विश्वको समस्या नै जलवायु परिवर्तन भएको बताउनुभएको छ । यो सम्मेलनले विकसित देशलाई कार्बन उत्सर्जन कम गर्न र जलवायु कोषमा प्रतिबद्धता गरेको रक़म लगानी गर्न तथा कार्बन उत्सर्जनमा न्यून योगदान गरेर मारमा परेका विकासशील देशका लागि लगानी गर्न प्रेरित गर्नुपर्ने बताउनुभएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ । - विदुरनीति

## सम्पादकीय

# लाल आयोगको प्रतिवेदन सार्वजनिक

सरकारले डेडिकेटेड र ट्रंक लाइन महसुल विवादसम्बन्धमा सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लाल नेतृत्वको समितिको प्रतिवेदन सार्वजनिक गरेको छ । आइतबारको मन्त्रिपरिषद्को बैठकले डेडिकेटेड फिडर र ट्रंक लाइनको विद्युत् महसुलको विवाद समाधानका लागि गठित जाँचबुझ आयोग, २०८० को प्रतिवेदन सार्वजनिक गर्ने निर्णय गरेको थियो । सोही निर्णयका आधारमा सोमबार ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पत्रकार सम्मेलनको आयोजना गरी सो प्रतिवेदन सार्वजनिक गरिएको छ ।

आयोगको प्रतिवेदनमा विवादको विषय, डेडिकेटेड र ट्रंक लाइनको परिभाषा, त्यसको उद्देश्य र मापदण्ड, महसुल निर्धारणसम्बन्धी मापदण्ड, महसुल छुट बिल तथा विभिन्न अदालतबाट भएका फैसला उल्लेख छ । ऊर्जा मन्त्रालयले सर्वोच्च अदालतका पूर्वन्यायाधीश लालको अध्यक्षतामा ऊर्जा मन्त्रालयका सचिव र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव सदस्य रहने समिति गठन गरेको थियो । मन्त्रिपरिषद्को २०८० पुस २४ को निर्णयअनुसार उक्त आयोग गठन गरिएको थियो । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले पत्रकार सम्मेलनमा लाल आयोगको प्रतिवेदन सार्वजनिक भएसँगै कार्यान्वयनमा जाने जानकारी दिए । मन्त्रिपरिषद्ले १५ दिनभित्र महसुल उठाउने र के कति हो भनेर निर्धारण गर्ने जिम्मेवारी प्राधिकरण भएको निर्णय गरेको छ ।

उद्योगको लाइन काटेर समस्या समाधान नहुने भएकाले प्राधिकरणले बिजुली प्रयोग गरेको बिल दिने उद्योगीले महसुल तिर्नुपर्ने भनेर नै मन्त्रालयले सहजीकरण गरेको थियो । प्राधिकरण र उध्योगीबीचको विवाद पहिलेदेखि जेलिदै आएको हो । आयोगले २०७२ साउनदेखि २०७२ पुससम्मको पहिलो अवधि, नेपालका लोडसेडिङ अन्त्य हुनुअघिको अवधि २०७२ माघदेखि २०७५ वैशाखसम्म र नेपालमा लोडसेडिङ अन्त्य भएपछिको अवधि २०७५ जेठदेखि २०७७ सम्मको अवधि मानिएको छ । त्यसमा पहिलो र तेस्रोलाई छाडेर दोस्रो अवधिको महसुल उठाउनुपर्ने विषयलाई स्पष्टका साथ उल्लेख गरेको छ । मन्त्रालयले पत्रकार सम्मेलन गरि मन्त्री खड्का र ऊर्जा सचिव सुरेश आचार्यले २०७२ पुस अघि अदालतको आदेश बमोजिम हुने र २०७५ वैशाखपछि लोडसेडिङ अन्त्यपछि आयोगको सिफारिश बमोजिम बिल काटेर बक्यौता रकम असुल गरिने प्रतिबद्धता जनाएका छन ।

प्रधानमन्त्री केपी शर्मा ओलीले उद्योग पनि चल्ने र महसुल पनि उठ्ने गरि बीचको बाटो लिएका छन । माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्ड नेतृत्वको सरकारकै पालामा बनेको लाल आयोगको प्रतिवेदन सार्वजनिक गरेर माओवादीको आडमा प्रतिवेदन कार्यान्वयन गर्न नचाहेका प्राधिकरणको कार्यकारी निर्देक कुलमान घिसिङलाई दबाब दिएको छ । सरकारको निर्णय नमानी प्राधिकरण संचालक समिति चल्न खोज्दा अराजकता बढाउने काम गरेको छ । प्राधिकरण र ऊर्जा मन्त्रालय छुट्टाछुट्टै जस्तै हुन भन्ने जस्तो प्रचार गरेर सामाजिक संजालका आधारमा चल्न खोज्दा विवाद बढ्दै गएको छासरकार भन्दा अमुक व्यक्ति ठूलो देखाएर राजनीतिक रोटी सेक्ने काम रोकेमा अहिलेको विवाद समाधान हुनेछ ।

# चितवनमा १० प्रकारका आलुको अध्ययन

**रासस**
चितवन, २६ कार्तिक

जिल्लामा आलुका जातको अध्ययन सुरु गरिएको छ । जिल्ला कृषि विकास कार्यालय चितवनले आफ्नो वार्षिक कार्यक्रमअन्तर्गत धान, मकै र आलुको उन्नत जात तथा स्वदेशी हाइब्रिड जात, जातिको अध्ययन परीक्षण तथा प्रविधि अनुसरण कार्यक्रमअन्तर्गत आलुका जातहरूको अध्ययन सुरु गरिएको हो ।

कार्यालयका सूचना अधिकारी सुरुचि त्रिपाठीका अनुसार कृषकलाई अनुदानको कार्यक्रम गर्दै आएको कार्यालयले यस वर्ष अध्ययन कार्यक्रम गरिएको हो । विभिन्न १० प्रकारका आलुको अध्ययन सुरु गरिएको उहाँले जानकारी दिनुभयो । अध्ययन सुरु गरिएका आलुमा ० दशमलव ५२, २५ दशमलव ७, एल्बर स्टोन रसेट, क्यामेन, स्यागिटा, क्युन्टेरा, इनोभेटरलगायतका जातको अध्ययन परीक्षण थालिएको हो । यस्तै फ्राइसोना, सन्ताना र स्थानीय नीलो जातको आलुको अध्ययन गर्न लागिएको उहाँले बताउनुभयो । उहाँका अनुसार अहिले जातीय परीक्षण तथा औद्योगिक आलुको बारेमा अध्ययन सुरु गरिएको छ । औद्योगिक आलुका रुपमा फ्रेन्चफ्राइ, चिप्सजस्ता वस्तु उत्पादनका लागि आलु चितवनमा उत्पादन गर्न सकिन्छ की सकिँदैन भन्ने अध्ययन थालिएको हो । एउटा जातको २५ किलो आलुका दरले कृषक र रामपुर कृषि क्याम्पस खैरहनीमा अध्ययन थालिएको हो । खैरहनी नगरपालिकाका वडा नम्बर १० कठारका कृषकको बारीमा आलु लगाइ सकिएको छ भने क्याम्पसमा केही दिनमा लगाउने तयारी गरिएको छ । किसानले परापूर्वक कालदेखि लगाउँदै आइरहेका आलुको भन्दा परीक्षण स्वरुप लगाइएका आलुको उत्पादन, आकार, लोकप्रियता, स्वाद, रोग किराको आक्रमण, बिक्री वितरणमा सहजतालगायतका विषयमा अध्ययन गरिने उहाँले बताउनुभयो । आलुको उत्पादन क्षमता हेरेर कुन आलुलाई यस क्षेत्रमा लगाउँदा बढी प्रतिफल लिन सकिन्छ भन्ने विषयमा अध्ययन गरिने सूचना अधिकारी त्रिपाठीले बताउनुो । उत्पादन सफल भएमा स्थानीय कच्चा पदार्थको प्रयोगले उत्पादन बढाएर व्यावसायिक आलु खेतीमा कृषकलाई लगाउन मद्दत पुग्ने कार्यालयका प्रमुख झलकनाथ कँडेलले बताउनुभयो । उहाँले भन्नुभयो, "आलुखेती गर्ने कृषकका लागि यो अध्ययन फलदायी हुने छ ।" जिल्लामा गत आर्थिक वर्षमा एक हजार नौ सय ९० हेक्टर क्षेत्रफलमा आलुखेती गरिएको थियो । जसबाट ४९ हजार छ सय ७६ मेट्रिक टन आलु उत्पादन भएको उहाँले जानकारी दिनुभयो । क्षेत्रफल र उत्पादन बढाउन यो प्रयोग फलदायी हुने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

# कालीगण्डकी कोरिडोर सडक : चराङ्खोलामा मोटरेबल पुल निर्माण

**रासस**
म्याग्दी, २६ कार्तिक

चीन र भारत जोड्ने राष्ट्रिय गौरवको कालीगण्डकी कोरिडोर, बेनी–जोमसोम–कोरलासडकअन्तर्गतमुस्ताङको–लोघेकर दामोदरकुण्ड गाउँपालिका–१ मा रहेको चराङ खोलामा मोटरेबल पुल निर्माण भएको छ ।

बेनी–जोमसोम–कोरला सडक आयोजनाले निर्माण गरेको ८० मिटर लामो मोटरेबल पुल निर्माण गरेको हो । पुलको सोमबार लोघेकर–दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष लोम्साङ छोम्फेल बिष्ट (राजु) ले उद्घाटन गर्नुभयो ।

पक्की पुल सञ्चालन भएपछि काठको मुडा राखिएको कच्चि र अस्थायी पुल तथा खोलाबाट जोखिम मोलेर सवारी वारपार गर्नुपर्ने समस्या हट्ने लोघेकर–दामोदरकुण्ड गाउँपालिकाका अध्यक्ष बिष्टले बताउनुभयो । विसं २०७५ असार २९ गते रु १० करोड १८ लाखमा काष्ठमाण्डप निर्माण सेवाले ठेक्का लिएको पुलको ठेक्का पाँचौं पटक थपिएको थियो । विसं २०७७ पुषमा सम्पन्न गर्ने लक्ष्य राखिएको मोटरेबल पुल निर्माणमा ढिलाइ हुँदा लोघेकर–दामोदरकुण्ड र लोमान्थाङ गाउँपालिकाका बासिन्दाका साथै उपल्लो मुस्ताङ भ्रमणमा आउने पर्यटक र सामान ओसार पसार गर्ने व्यवसायीलाई समस्या भएको थियो । पर्वतको मालढुङ्गादेखि म्याग्दी हुँदै मुस्ताङस्थित चीनको सिमाना कोरला नाका जोड्ने दुई सय दुई किलोमिटर दुरिको बेनी–जोमसोम कोरला सडक अन्तर्गत २४ वटा मोटरेबल पुल निर्माण गर्नुपर्नेमा १९ वटाको ठेक्का लागेको, ११ वटा निर्माण सकिएको, तीन वटा निर्माणधीन, पाँचवटाको ठेक्का तोडेको र पाँचवटा पुल निर्माणको प्रक्रियामा छन् ।

दुई लेनको कालोपत्र र ग्राभेल बनाउन विसं २०७३/०७४ देखि शुरु भएको योजनाको हालसम्म ८४ प्रतिशत भौतिक प्रगति भएको छ । रु १० अर्ब लागत अनुमान गरिएको यो सडक आव २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । एक सय पाँच किलोमिटर कालोपत्र गर्ने लक्ष्य रहेकामा हालसम्म ९६ किलोमिटर कालोपत्र, पाँच किलोमिटर ढलान र ८५ किलोमिटर ग्राभेल भएको आयोजनाको सूचना अधिकारी विष्णु चापागाईंले बताउनुभयो ।

निर्धारित समयमा काम सम्पन्न हुन नसकेपछि आयोजना अवधिलाई आव २०८२/८३ सम्म लम्ब्याइएको छ । सडक र पुल निर्माणका लागि रु सात अर्बको ठेक्का सम्झौता भएकामा गत असारसम्म रु छ अर्ब खर्च भएको छ ।

भारत र चीनलाई जोड्ने चार सय ३५ किलोमिटर दूरीको कालीगण्डकी करिडोर सडकलाई गण्डकी प्रदेशको भाग्यरेखा मानिएको छ । सडकले पूर्वाधार, आर्थिक, व्यापारिक, जलविद्युत, पर्यटन र धार्मिकस्थलको विकासका लागि महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

# पर्वतमा पुष्पलाल स्मृति पुस्तकालय स्थापना

**पोखरापत्र संवाददाता**
पर्वत, २६ कार्तिक

यहाँ पुष्पलाल स्मृति पुस्तकालय स्थापना गरिएको छ । सामाजिक सञ्जालको बढ्दो प्रयोगसँगै आम नागरिकमा हराउँदै गएको पठन संस्कृतिको विकास गर्ने उद्देश्यले पुस्तकालय स्थापना गरिएको हो ।

जिल्ला सदरमुकाम कुश्मामा रहेको पुरानो गुप्तेश्वर पुस्तकालय बन्द भइसकेको अवस्थामा नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले पहिलोपटक पुस्तकालय स्थापना गरेको हो । सदरमुकाम कुश्माबजारको मैत्रीचोकमा रहेको एमालेको आफ्नै कार्यालयमा पुस्तकालय स्थापना गरिएको जिल्ला अध्यक्ष गोविन्द पहाडीले जानकारी दिनुभयो । पुस्तकालयमा राजनीति, कानुन, अर्थशास्त्र, इतिहास, धर्म संस्कृति, विज्ञान, कला, प्रकृति विचार, उपन्यास, सामान्य ज्ञान, विभिन्न अभिलेख तथा कृतिलगायत नेपाली साहित्यका सबै विधाका पुस्तक राखिने भएको छ ।

पुस्तकालय स्थापनासँगै अहिले विभिन्न विधाका पुस्तक सङ्कलन गर्ने काम भइरहेको अध्यक्ष पहाडीले जानकारी दिनुभयो । यसलाई जिल्लाकै साझा पुस्तकालयका रूपमा विकास गरिने पहाडीको भनाइ छ । सामाजिक सञ्जाल र सतही सूचनाको आधारमा धारणा बनाउने अहिलेको अवस्थामा परिवर्तन गर्नका लागि नै पुस्तकालयको आवश्यकता ठानेर एमालेले आफ्नै स्रोतबाट स्थापना गरेको उहाँको भनाइ छ । "यहाँ पार्टी कार्यकर्तादेखि जुनसुकै दलमा आस्था राख्ने हुन् वा अध्ययनमा रुचि राख्नेहरूका लागि चौबिसै घण्टा सेवा उपलब्ध गराइने छ", अध्यक्ष पहाडीले भन्नुभयो ।

कुनै पनि क्षेत्रमा सफलता प्राप्त गर्न नसकिने भएकाले अध्ययनतर्फ नागरिकलाई प्रेरित गर्नका लागि पुस्तकालय स्थापना गरिएको एमालेका सचिव सुवासचन्द्र पौडेलले जानकारी दिनुभयो । पुस्तकालयमा पहिलो चरणमा १५ हजारभन्दा बढी पुस्तक राखिने भएको छ । कार्यालयको पुस्तकालयको क्षेत्रफल हेरेर विस्तार गर्दै लग्ने योजना रहेको पौडेलले बताउनुभयो । एमालेले पुस्तकालयका लागि आवश्यक र पठनयोग्य सामग्री उपलब्ध गराउन आह्वानसमेत गरेको छ । पुस्तकालय स्थापनासँगै सदरमुकाम र आसपासमा लामो समयदेखि खड्किएको अभावसमेत पूरा हुने पौडेलले बताउनुभयो । विशेषगरी अध्ययनमा रुचि राख्ने, आर्थिक अभावका कारण पुस्तक किनेर पढ्न नसक्नेहरूका लागि बढी फलदायी हुने अध्यक्ष पहाडीको अपेक्षा रहेको छ । पार्टी कार्यालयको माथिल्लो तलामा स्थापना गरिए पनि सबै नागरिकले सेवा लिन उहाँले आह्वानसमेत गर्नुभएको छ ।

यसैबीच, पर्वत साहित्य सङ्गमले आइतबार पाँच सय ५० विभिन्न विधाका पुस्तक पुस्तकालयलाई सहयोग गरेको छ । संस्थाका अध्यक्ष खेमराज शर्मा चापागाईं, संस्थापक अध्यक्ष इन्द्रकुमार विकल्प, पूर्वअध्यक्ष इन्द्रमान खत्री र पूर्व अध्यक्ष राजेन्द्र पहाडीले संयुक्त रूपमा पुस्तक हस्तान्तरण गर्नुभएको थियो ।

सबैभन्दा पुरानो फलेवासको मोती पुस्तकालय निरन्तर सञ्चालनमा रहेको छ । यो नेपालकै नमूना पुस्तकालयका रूपमा पुरस्कृत भइसकेको छ । छिमेकी जिल्ला बागलुङमा पनि विद्यामन्दिर पुस्तकालय लामो समयदेखि सञ्चालनमा रहेको छ । अन्य पुस्तकालय भने बन्द भइसकेका छन् ।

# हिउँदमा पनि मर्स्याङ्दीमा पूर्ण क्षमतामा विद्युत् उत्पादन

**पोखरापत्र संवाददाता**
तनहुँ, २६ कार्तिक

आँबुखैरेनी गाउँपालिका–४ स्थित मर्स्याङ्दी जलविद्युत् केन्द्रले हिउँदको समयमा पनि पूर्ण क्षमतामा बिजुली उत्पादन गरिरहेको छ । हाल घट्ने समय भए पनि समय समयमा पानी परिरहेकाले उत्पादनमा कमी नआएको हो ।

तीनवटा युनिटबाट २३/२३ मेगावाटका दरले पूर्ण क्षमताको ६९ मेगावाट विद्युत् उत्पादन भइरहेको केन्द्र प्रमुख इन्जिनियर पशुपति गौतमले बताउनुभयो । "असोजमा अविरल भारी वर्षा भएको र कात्तिकमा समेत हाल मुसलधारे वर्षा परेपछि पूर्ण क्षमतामा बिजुली उत्पादन भइरहेको छ", उहाँले भन्नुभयो, "अहिले पानी प्रशस्त परेकाले अझै एक महिनासम्म पूर्ण क्षमतामै उत्पादन हुने सम्भावना देखिएको छ ।" गत वर्ष सुख्खायाममा हिउँ कम पग्लने र नदीमा मिसिएका खोला, खोल्सी र झरनाको पानी कम हुँदा घटेर ३० मेगावाट विद्युत् उत्पादन भएकामा हाल पूर्ण क्षमतामा उत्पादन भएको गौतमले बताउनुभयो । मर्स्याङ्दी हिमालबाट बगेर आएको नदी हो । गर्मी मौसममा तापक्रम बढ्दै जाँदा हिउँ धेरै पग्लिने र वर्षा धेरै हुँदा यसका सहायक नदी, खोलामा पानीको बहाव बढेसँगै विद्युत् उत्पादन पनि बढ्ने उहाँले बताउनुभयो । उहाँका अनुसार यस केन्द्रबाट उत्पादित विद्युत् चितवनको भरतपुरबाट काठमाडौंको स्टेसनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ ।

केन्द्रका अनुसार सुख्खायाममा भने हिउँ कम पग्लने र नदीमा मिसिएका खोला, खोल्सी र झरनाको पानी कम हुने भएकाले पानीको बहाव थोरै हुँदा विद्युत् उत्पादन घट्ने सो केन्द्रले जनाएको छ ।

# सातु बिक्री गरेर मासिक ५० हजार आम्दानी

**रासस**
काठमाडौं, २६ कार्तिक

सुनसरी सदरमुकाम इनरुवा-१ का अर्जुन पौडार बिहानै ५ बजे इनरुवाको मुख्य बजार स्थित सुपरमार्केमा ठेला लिए आइपुग्छन् ।

ठेलमा माटोका भाडामा पानी, चनाको सातु, प्याज र कागती रहेको हुन्छ । उहाँको ठेला देख्नेबित्तिकै सातु पिउने मानिसको भीड हुन्छ । उहाँले लिएर आउने ठेलाको टायरमा हावा हुँदैन । उहाँको सातु स्वादिष्ट हुने गरेको उपभोक्ताको भनाइ रहेको छ । उहाँले भन्नुभयो, " ठेला राम्रो छैन तर ग्राहक सातु खुवाएर सन्तुष्टि छन् । सातु बिक्री गरेर मासिकरुपमा रु ५० हजार आम्दानी हुन्छ ।" गर्मीयामका बेलामा रु एक लाख मासिक कमाउने गरेको र चिसोको बेलामा आम्दानी हुने उहाँको भनाइ रहेको छ । चिसोका बेलामा दैनिक रुपमा एक सयदेखि एक सय ५० गिलाससम्म सातु बिक्री हुने गरेको छ भने गर्मीका बेलामा दुई सयदेखि दुई सय ५० गिलाससम्म सातु बिक्री हुने गरेको उहाँले बताउनुभयो ।

उहाँले करिब पाँच वर्षदेखि इनरुवाको मुख्य बजारमा सातु बिक्री गर्दै आउनुभएको छ । उहाँले विगतका वर्षमा विभिन्न व्यापार गर्दा असफलता प्राप्त भएकामा यस व्यापारले राम्रो फाइदा हुने गरेको बताउनुभयो ।

दैनिक रुपमा सामग्री महँगिँदै गएका बेलामा प्रति गिलास सातुको रु ४० लिने गरेको उहाँको भनाइ छ । दैनिक रुपमा रु चार हजारदेखि पाँच हजारसम्मको बिक्री हुने गरेकोमा खर्च कट्टा गरेर मासिक रुपमा रु ५० हजारदेखि ६० हजारसम्म आम्दानी हुने गरेको पौडारले बताउनुभयो ।

सातु बेचेरै छोरीको बिहे गर्नुका साथै पाँच घरपरिवार चलाउँदै आएको उहाँले बताउनुभयो । आर्थिक अभावका कारणले आफ्नो उपचार गराउनका लागि समस्या भएको बेलामा सातुको आम्दानीले आफ्नो उपचार गराउनका लागि समेत सफल भएको उहाँले बताउनुभयो । रु एक लाखदेखि दुई लाख खर्च गरेर विदेशमा गएर रु ४० हजारदेखि ५० हजार आम्दानी गर्दै आएकोमा आफू सोही बराबरको लगानीमा घरमै बसेर राम्रो आम्दानी गर्दै आएको र दैनिक रुपमा सयौँ साथीभाइसँग भेट समेत गर्दै आएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "स्वदेशमै काम गरे वैदेशिक रोजगारीका लागि अर्काको देशमा पसिना बगाउनुपर्दैन । "


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : शुभ यात्रा | धनु | : शारीरिक झमेला |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : मानसिक तनाव |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : व्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


## सार्वजनिक सूचना

कास्की जिल्ला पोखरा ३० बस्ने श्री महेश ढकालको नाममा रहेको पोखरा महानगरपालिका वडा नं. ३० को कित्ता नं. २०१३८ को जम्मा क्षेत्रफल २२८।५० वर्गमिटर भएको जग्गामा पोखरा महानगरपालिकावाट घर नक्सा पास कार्य गर्ने क्रममा उत्तर तर्फ कि.नं. ६०६ जग्गाका सधियारा फेला नपरेको हुँदा उक्त निर्माण कार्य गर्दा बाधा पर्ने भए यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस पोखरा महानगरपालिका वडा नं. ३० को कार्यलयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

# ज्येष्ठ बामपंथीहरूको पुनर्मिलन समारोहले दिएको सन्देश !

शम्भु बहादुर अधिकारी

२०८१ साल कार्तिक ९ र१० गते गण्डकीप्रदेश स्तरीय ज्येष्ठ बामपंथीहरूको पुनर्मिलन समारोह पोखरामा उत्साह बर्धक र सौहार्दपूर्ण बाताबरणमा संपन्न भयो। करीब ५०० को हाराहारीमा ज्येष्ठ बामपंथिहरूको बिचमा अतीतका कामका सम्झनाहरू र बामपंथि आन्दोलनमा सक्रिय हुदाका अनुभव र अनुभूतिहरू आदानप्रदान गर्ने सुअबसर मिल्यो । पुनर्मिलन समारोहको आयोजक साथिहरू जस्ले बिभिन्न समूह वा स्वतन्त्र रूपमा रहेका बामपंथिहरूको ऐतिहासिक भेटघाट गराउने प्रयाश गर्नुभयो त्यस्का लागी वाहाहरू धन्यबादका पात्र हुनु हुन्छ । एकीकृत कम्युनिष्ट (नेकपा) पार्टीमा काम गर्नु भयेका बामपंथिहरू, माले, कोके र केन्द्रीयन्यूक्लसमा संलग्न बामपंथि क्रान्तिकारीहरू र बिस्व बिद्यालयको डिग्रि बहिस्कार गरेर ग्रामिण क्षेत्रतिर संगठन, बिचार र क्रान्तिको प्रचार प्रसारमा संलग्न बामपंथिहरूको अनुभवहरू अबिष्मरणीय थिए।

पुनर्मिलन समारोहको मूख्य लक्ष पुराना बामपंथिहरूको ऐतिहासिक गतिबिधिको दस्ताबेजीकरण गरी बामपंथि आन्दोलनमा सक्रिय साथिहरूको अतीतका गतिबिधिहरूलाइ जीबन्त राख्नु थियो । कम्युनिष्ट पार्टीको निर्माणमा भूमिगत रूपमा दार्ही जुंगाको रेखि नबस्दै देखि क्रियाशील बामपंथि आन्दोलनमा भागलिने पत्रकारहरू, शिक्षकहरू, कर्मचारीहरू, प्राध्यापकहरू, बुद्धिजीबीहरू, बिद्यार्थी र किसानहरूको त्योभेला निकै रोचक र ऐतिहासिक थियो । ती ज्येष्ठ बामपंथिहरूले पनि पार्टी निर्माण गर्दा रगत र पसिना भिजाएका थिये, ऊनीहरूले भूमिगत पार्टी र नेतृत्वको सुरक्षा, खानबस्नको ब्यबस्था, कुरियरको काम र आबश्यक खर्च जुटाएर नेतृत्व र पार्टीलाइ सुरक्षा दिएर योगदान गरेका थिए। त्यही जगमा उभिएको पार्टीले जन आन्दोलन र सशस्त्र संघर्ष गरेको थियो । तर आज उनीहरू कास फुल्दा भै फुलेका भये पनि उनीहरूले तत्कालीन अवस्थामा आआफ्ना तर्फबाट पार्टी निर्माणमा महत्वपूर्ण भूमिका निर्बाह गरेका थिए। त्यो सकारात्मक पक्षका बाबजुद आज कम्युनिष्ट पार्टी बिभिन्न चिरामा बिभाजित भयेका छन । संशोधनबादका बिरूद्ध उत्रेका नवजवानहरू गण्डकी बिद्यार्थी परिषद र अनेरास्वबियूमा कार्यरत थिए जस्ले क्रान्तिकारी कम्युनिष्ट पार्टीको पुनः निर्माणमा भूमिका खेलेका थिए । त्याहा बामपंथिहरूको बिचको सैद्धान्तिक, बैचारिक, राजनैतिक र दार्शनिक ब्याख्या समान जस्तो देखिए पनि ब्यबहारमा बिबिधता देखिन्थ्यो । एक अर्कालाइ होच्याउने,ठूलो दल भयेको घमण्ड गर्ने र सत्ता प्राप्तिमा प्रतिक्रियाबादी शक्तिसंग गठबन्धन गर्ने क्रियाकलाप कम्युनिष्ट चरित्रका जस्ता देखिदैनथे । जनबादी ब्यबस्था स्थापना गर्न सशस्त्र संघर्षमा उत्रेका बामपंथिहरू शान्तिपूर्ण आन्दोलनमा चित्त बुझाएर सुधारिएको बहुदलीय गणतान्त्रिक ब्यबस्थामा पदार्पण गरेकाछन। ज्येष्ठ बामपंथिहरूलाई प्रशिक्षण गरीएको जनबादी ब्यबस्था अहिले प्रयोगमा आएको जस्तो ब्यबस्था थिएन र होइन पनि । ज्येष्ठ बामपंथिहरूको निष्कर्ष त्यही थियो।

१९१६ बर्षको अबस्थामा नै आजका ज्येष्ठ नागरिकहरू कम्युनिष्ट आदर्श, सिद्धान्त र बिचारबाटप्रेरितभएरदेशर जनताको मुक्तिका लागी राजतन्त्रात्मक पंचायती ब्यवस्थाका बिरूद्ध संगठन र संघर्षमा भाग लिएका थिए । प्रायशः शिक्षक, कर्मचारी, किसान, बुद्धिजीबिहरूको संरक्षणमा कम्युनिष्ट नेतृत्व र कम्युनिष्ट पार्टी देशब्यापी भयेको थियो । प्रत्यक्ष र अप्रत्यक्ष रूपमा हिजाका बामपंथी युवाहरूले जनसत्ता कायम गर्न जनबादी क्रान्तिमा भाग लिएका थिये। आज पनि कति ज्येष्ठ बामपंथिहरूमा उस्तै जागर र क्रियाशीलता प्रष्ट देखिन्थ्यो । अतीतमा ती बामपंथीहरूले पार्टीको कार्यनीति, रणनीति र राजनीतिक प्रचारमा निकै सहयोग पुर्याएका थिए भन्ने कुरा सम्भवतः नेतृत्वले बिर्सेको जस्तो देखिन्छ भन्ने समारोहको निष्कर्ष थियो। सरकारमा पुगेपछि पार्टीलाइ योगदान दियेका ब्यक्तिहरूको भन्दा नाताबाद र कृपाबादमा नेतृत्व फसेको अनुभूति हुदै गएको छ । आलोचनात्मक चेत भयेका र तर्कयुक्त बिश्लेषक ज्येष्ठ बामपंथीहरूको भनाइमा सडेगलेका र पथबिचलन भयेका बामपंथीहरूको एकताको आसा गर्नु भ्यागुताको धार्नि नपुगेको जस्तै हो । तत्कालीन युवा बामपंथीहरूले बामपंथी आन्दोलनमा उत्पीडित, शोषित जनताको जीबन देखेर देशको मुहार फेर्न भनेर आन्दोलनमा भाग लिएका थिए । २०३६/३७को जनमत संग्रहमा शिक्षक, कर्मचारी, किसान, बिद्यार्थीहरू बहुदलको पक्षमा प्रचारप्रसारमा उत्रेका थिये।

जनमत संग्रहमा बहिस्कारबादीहरूको कारण र सत्ताको हस्तक्षेपका कारण निर्दलले जित प्राप्त गर्यो जस्ले गर्दा बहुदलीय ब्यबस्था ल्याउन १० बर्ष कुर्नु पर्यो । पुनः २०५२ फागुन १ मा जनबादी सत्ता कायम गर्न सशस्त्र संघर्ष सुरू भयो जस्को उद्देश्य जनबादी गणतन्त्र स्थापना गर्नु थियो । तर १० बर्षे जनयुद्धमा धेरै धनजनको क्षति भयो, जस्ले राजतन्त्रको अन्त्य गरी संघीय गणतन्त्र, धर्मनिरपेक्षता र समानुपातिक समाबेशिता कायम गर्यो। जनताको बहुदलीय जनबाद, २१औ शताब्दीको जनबाद वा नेपाली सन्दर्भको जनबाद मध्ये अहिलेको नेपालको राजनीतिक ब्यबस्था सुधारिएको गणतन्त्रात्मक ब्यबस्था भन्दा ऊन्नत स्तरको जनबादी सत्ता होइन । नेपालमा बामपंथी एकता हुन नसक्नुको कारण एक अर्काको अस्तित्व स्वीकार नगर्नु, ब्यक्तिबाद , अहंकारबाद र पदलोलुपताको चरम रूप हो । च्यातिएका चप्पल र फाटेका कपडा लाएर सहर पसेका कम्युनिष्टहरूको जीबनशैली, आलिशान भवन महगा गाडी, जगा र जमिनको संकलन आश्चर्यजनक रूपमा बृद्धि हुनु कम्युनिष्ट नैतिकता भित्र पर्देन। राजनीतिक पद, प्रतिष्ठा, पैसा र सत्ताको वरिपरी बसेरआफ्ना आसेपासे, नाताबाद र कृपाबादले गर्दा सही माल्छेले सही ठाउँमा पद पाउन सकेको छैनन् भन्ने पनि पुनर्मिलन समारोहले ठम्याइ थियो।

कम्युनिष्ट नेताहरूको सम्बन्ध बिचौलिया, तस्कर, कमिसनखोर, जगा दलालसँग भयेकोले जनतामा नेतृत्व प्रति खास आकर्षण छैन र नेतृत्वको त्यस्तो गलत रवैया प्रति ज्येष्ठ बामपंथीहरूको कडा आपत्ति छ । मार्क्सबादबाट बिचलित, ईस्वरप्रतिको भक्तिभाव,रामनामी कपडा ओढेर पहेलो बस्त्रमा शक्तिपिठको पूजा अर्चना र गुरू पुरेत राखि कुश पानी लिएर दानदातब्य लिनु कम्युनिष्ट बिरोधी चरित्र हो भन्ने कुरा पनि सम्मेलनको बिषय बनेको थियो। राष्ट्रियता, सार्बभौमिकता, राष्ट्रिय अखण्डतालाइ दाउमा राखेर प्रतिक्रियाबादी शक्ति र बैदेशिक शक्तिसँग मिलेर देशभित्र शासन गर्न खोज्नु राष्ट्रिय आत्म समर्पण बाद हो भन्ने बिषयमा पनि समारोहको एकमत थियो।

परराष्ट्र नीतिमा पनि नेपालि बामपंथिहरूबिच एक रूपता छैन । भारतपरस्त परराष्ट्र नीति र पश्चिमाहरूसँगको हिमचिमले चीन सँधै सतर्क देखिन्छ । एक चीन नीतिलाइ अंगालेर मात्र नेपालको सुरक्षा हुन सक्छ । नेपालमा शरणार्थी समश्या देखाएर बैदेशिक शक्तिहरू नेपालमा खेल्न चाहन्छन, त्यस्लाइ रोक्नु बामपंथी शक्तिहरूको कर्तब्य हुन जान्छ भन्ने कुरामा पुनर्मिलन समारोह एकमत छ। नेपालमा प्रत्येक सरकार गठन र पुनर्गठनमा भारतीय नजर शुभ देखिन्न । भारतको इच्छ्या र हित बिपरित नेपालको कृयाकलाप भएमा भरतले नेपालमाथि लगाएको प्रतिबन्धबाट शिक्षा लिएेल चीनसँगको पारबहन सुबिधालाई प्रयोग गर्न हिचकिचाउनु हुन्न । नेपालको अबस्थिति सामरिक महत्व भएकोले चीन,



भारत वा अमेरिकाको सम्बन्धलाई फुकिफुकि पाइला चाल्नु पर्छ ।

पहिला नेपालको हित र स्वार्थलाइ प्राथमिकता र महत्व दिएर मात्र अन्य देशहरूसँगको सम्बन्धलाई बिकास गर्नुपर्छ, समारोहको सारङ्ग त्यही थिए नेपाल सँधै न्यायपूर्ण आन्दोलनको पक्षमा छ, हुनुपर्छ । रूसयूक्रेन युद्ध र इजरायल प्यालेष्टाइन युद्ध संयुक्त राष्ट्रसंघको प्रस्तावना अनुसार समाधान हुनु पर्छ। इजरायली हस्तक्षेपको पक्षमा उभिनु र यूक्रेनको पक्षमा उभिनु नेपालको तटस्थ परराष्ट्रनीति बिपरितको कुरा हो भन्ने बिषयमा पनि पुनर्मिलन समारोह बोलेको छ। एमसीसी पास गर्नु, आइपिएसमा संलग्न हुनु र ट्रम्पले राष्ट्रपतिमा बिजय पाउनासाथ एसपीपीमा नेपाललाई प्रबेश गराउन अमेरिकि जनरल नेपाल आउनु संयोग मात्र होइन, त्यो कार्य निश्चित रूपमा निर्देशित छ । अतः बामपंथीको नेतृत्वको सरकारले सामरिक महत्वका बिषयहरूमा तटस्थ बस्नु श्रेयस्कर हुन्छ । भारतले किलपानी, सुस्ता लगायतका भूमि मिचेको छ, त्यस्लाई शान्तिपूर्ण वार्ताबाट सुल्झाउनु पर्छ, अन्यथा त्यस्लाई अन्तराष्ट्रिय करण गरून बामपंथिको सरकार पछि पर्नु हुदैन । तर नेपालका बामपंथिहरू सिद्धान्त, बिचार, राजनीति र ब्यबहारमा खरो ऊत्रन सकिरहेका छैनन, यो समारोहको मूल्याङ्कन हो । मार्क्सबादमा सत्ता प्रमुख भए पनि प्रतिक्रियाबादी र दलाल पूजिपतिसँग गठबन्धन गरेर आलोपालो सरकारमा जानु जनताप्रतिको बिस्वासघात हो । नेपालका बामपंथीहरूको अब २ बाटाछन: (१) आलोचना र आत्म आलोचना गरेर सिद्धान्तनिष्ठ, अनुशासित, क्रान्तिकारी पार्टीको निर्माण गर्नु र राष्ट्रियता, जनजीबीका र जनतन्त्रको संरक्षेण र सम्बर्धन गर्नु र (२) दलाल नोकलशाही पूँजिबाद, निजीकरण र उदारीकरणको बाटो समातेर कम्युनिष्ट आन्दोलाइ बिसर्जन गर्नु जस्ले राष्ट्रिय आत्म समर्पणको बाटो लिन पुग्छ।

पुनर्मिलन समारोहको सुझाब र निष्कर्ष यो छ कि कम्युनिष्ट आन्दोलनलाई जिवित राखेर अगाडि बढाउन पहिलो बाटो समातुन किनभने नेपालमा बामपंथीहरूको मत २/३ छ । अन्यथा कम्युनिष्ट आन्दोलनको भविष्य ऊज्यालो दैखिन्न । ज्येष्ठ बामपंथीहरूको पुनर्मिलन समारोहको निष्कर्ष रही हो।

# स्थापनाको चार दशकपछि विद्यालयको पक्की भवन

पोखरापत्र संवाददाता
म्याग्दी, २६ कार्तिक

म्याग्दीको मालिका गाउँपालिका–१ खहरेमा रहेको सिद्ध आधारभूत विद्यालय स्थापना भएको चार दशकपछि पक्की भवन निर्माण भएको छ।

विभिन्न निकायको अनुदान सहयोगमा तीनवटा कक्षा कोठा भवन निर्माण भएको हो । श्रमदानसहित कूल रु एक करोड ७७ हजार पाँच सय ३४ को लागतमा निर्माण भएका तीनवटा भवनमा आठवटा कोठा रहेका प्रधानाध्यापक मोतिराज गौतमले जानकारी दिनुभयो । “विसं २०३९ मा खरको टहरामा सुरु गरिएको विद्यालय करिब करिब चार दशक कच्ची भवनमा सञ्चालन भएको थियो”, विद्यालयको स्थापनाकालदेखिनै त्यहाँ कार्यरत गौतमले भन्नुभयो, “चार दशक पुरानो भवन जीर्ण भएर पानी चुहिन थालेको थियो । भत्कने त्रास थियो ।” जग्गा व्यवस्थापन गरी नयाँ भवन निर्माण गरेपछि सुरक्षित र सहज रुपमा पठनपाठन हुने वातावरण सिर्जना भएको प्रअ गौतमले बताउनुभयो।

तत्कालीन राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको अनुदान र श्रमदान गरी कूल रु ८६ लाख ९१ हजार छ सयको लागतमा दुईतले चार कोठे भवन निर्माण भएको थियो।

निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको अनुदान सहयोगमा दुई/दुई कोठे एकतले भवन निर्माण भएको हो। कक्षा ८ सम्मको पठनपाठन हुने विद्यालयमा हाल एक सय ५० जना विद्यार्थी अध्ययनरत छन् । विद्यालयमा कम्प्युटर प्रयोगशाला पनि रहेको छ। संविधानसभा सदस्य नवराज शर्मा, गण्डकी प्रदेशका पूर्वमन्त्री नरदेवी पुन र जिल्ला समन्वय समिति म्याग्दीका प्रमुख राजकुमार थापाले भवनको आइतबार उद्घाटन गर्नुभएको थियो। भवन उद्घाटन समारोहमा विद्यालयका संस्थापक गङ्गबहादुर पुन, देवीप्रसाद आचार्य, दलमान पुन, पुरुषोत्तम शर्मा र पतिराम सिउथानीको नाम उल्लेखित शिलालेखको पनि अनावरण गरिएको थियो । संस्थापक आचार्यलाई सम्मान समेत गरिएको छ।

पुस्तकालय र चमेना गृहका लागि थप दुई कोठा आवश्यक रहेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मानसिङ सापकोटाले बताउनुभयो । “बस्तीमाथि खनिएको सडकबाट आउने बाढी खेलमैदानमा पसेर दुःख दिने गरेको छ”, उहाँले भन्नुभयो, “बाढी नियन्त्रण र कोठा थप गर्न गाउँपालिका, प्रदेश र सङ्घीय सरकारका निकायमा प्रस्ताव गरेका छौँ ।”

# तिलिचो तालको आधार शिविरमा पुग्यो राष्ट्रिय ग्रीडको बिजुली

रासस
मनाङ, २६ कार्तिक

हिमालपारिको जिल्ला मनाङस्थित पर्यटकीयस्थल तिलिचो तालको आधार शिविर (बेसक्याम्प)मा राष्ट्रिय प्रसारण लाइनको बिजुली पुगेको छ।

मनाङ ङिस्याङ गाउँपालिका–९ खाङ्सारस्थित समुद्री सतहबाट चार हजार दुई सय ५० मिटर उचाइमा रहेको बेसक्याम्पमा राष्ट्रिय प्रसारण लाइन पुऱ्याएर विद्युत् आपूर्ति सुरु गरिएको छ । बेसक्याम्पमा ५० केभिए क्षमताको वितरण ट्रान्सफर्मर राखी विद्युत् आपूर्ति दिइएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । बेसक्याम्पमा १० वटा होटल, स्वास्थ्य चौकी र स–साना रेस्टुरेन्टहरु सञ्चालित छन् । बेसक्याम्पमा विद्युत्का ग्राहक सङ्ख्या १५ रहेको छ । राष्ट्रिय प्रसारण लाइन पुग्नुभन्दा पहिले बेस क्याम्पमा सौर्य ऊर्जा र डिजेल जेनेरेटरबाट विद्युत् उत्पादन गरी आपूर्ति हुँदै आएको थियो । उक्त स्थान अन्नपूर्ण संरक्षण क्षेत्रभित्र पर्दछ।

सौर्य ऊर्जाको व्यापकले नधान्दा पर्यटकीयस्थलमा विगतमा विद्युत् आपूर्तिको ठूलो समस्या रहेको उल्लेख गर्दै मनाङ ङिस्याङ गाउँपालिका–९ का वडाध्यक्ष च्योप्पा गुरुङले राष्ट्रिय प्रसारण लाइन पुगेपछि अहिले धेरै सहज भएको बताउनुभयो।

“राष्ट्रिय लाइन पुगेपछि बेसक्याम्पबाट तिलिचो ताल जाने पैदलयात्रीको अक्सिजन तह मापन गर्न मेसिन राखिएको छ, विद्युत्को प्रयोग गरी पानी उमाल्न थालिएको छ जसले गर्दा ग्यासको प्रयोग करिब ४० प्रतिशतले कटौती भएको छ”, बेसक्याम्पमा होटलसमेत सञ्चालन गर्दै आउनुभएका वडाध्यक्ष गुरुङले भन्नुभयो।

लामो लाइन भएकाले ट्रिपिङ हुने समस्या छ, लाइनलाई भरपर्दो र गुणस्तरीय बनाउन सकिएमा होटलमा एसी राख्न र खाना पकाउन विद्युतीय चुलो इन्डक्सन प्रयोग गरी ग्यासको प्रयोगलाई पूर्ण रुपमा कटौती गर्न सकिने उहाँको भनाइ छ। उहाँले उक्त क्षेत्रमा दाउरा महँगो हुने भएकाले खाना पकाउन, पानी उमाल्न ग्यासको प्रयोग हुने गरेको उल्लेख गर्नुभयो। केही दिनअघि मनाङ ङिस्याङ गाउँपालिका–९ खाङ्सार पुगुभएका नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले धार्मिक एवं पर्यटकीय क्षेत्रलाई उज्यालो बनाउने अभियानअन्तर्गत तिलिचो तालको बेसक्याम्पमा राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुऱ्याइएको जानकारी दिनुभयो।

वडाध्यक्षसहित स्थानीयसँगको छलफलमा कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, “बेसक्याम्पमा राष्ट्रिय ग्रीड पुऱ्याउनमा केन्द्रित थियौँ, ठूलो सङ्ख्यामा स्वदेशी तथा विदेशी पर्यटक आवतजावत हुने मनाङ जिल्लाको समग्र विद्युत् आपूर्तिलाई भरपर्दो र गुणस्तरीय बनाउन लाइन सुधारलगायत काम उच्च प्राथमिकतामा राखी अगाडि बढाउनेछौँ ।” लमजुङको मर्स्याङ्दी गाउँपालिका–५ घेर्मुस्थित राधी साना जलविद्युत् केन्द्रको सबस्टेसनबाट ३३ केभी विद्युत् प्रसारण लाइन चामे गाउँपालिका–१ स्याक्र्युस्थित ३३/११ केभी सबस्टेसनमा पुऱ्याइएको छ। उक्त सबस्टेसनबाट ११ केभी लाइन सदरमुकाम चामे हुँदै बेसक्याम्पमा पुऱ्याइएको हो।

प्राधिकरणले मनाङमा विद्युत् आपूर्तिका लागि ४५ किलोवाटको चामे साना जलविद्युत् र ८० किलोवाटको मनाङ साना जलविद्युत् केन्द्र सञ्चालन गरेको छ।

राष्ट्रिय प्रसारण लाइन ट्रिपिङ भई बन्द भएका बेला साना जलविद्युत् केन्द्रबाट विद्युत् उत्पादन गरी आपूर्ति दिने गरिएको प्राधिकरण मनाङ वितरण केन्द्र प्रमुख राजु महतोले बताउनुभयो। मर्स्याङ्दी करिडोर दुईसय २० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत मनाङको नार्सो गाउँपालिका–१ धारापानीमा दुईसय २० केभी क्षमताको सबस्टेसन निर्माण सम्पन्न भई त्यहाँबाट लाइन दिन सुरु गरेपछि मनाङको विद्युत् आपूर्तिमा सुधार हुनेछ।

धारापानी सबस्टेसनमा स्थानीय रुपमा विद्युत् आपूर्तिका लागि आवश्यक संरचनाको व्यवस्था गरिएको छ । उक्त सबस्टेसनबाट लाइन दिन थालेपछि प्रसारण लाइन लम्बाइ घटी विद्युत् अपूर्तिमा सुधार हुनेछ । धारापानी सबस्टेसन डेढ वर्षभित्र निर्माण सम्पन्न गर्नेगरी काम भइरहेको छ।

# ‘चीनको सहयोग सहराहनीय’

रासस
काठमाडौं, २६ कार्तिक

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य–सचिव टङ्कलाल घिसिङले चीन सरकारले नेपालको खेलकुदलगायत विभिन्न क्षेत्रमा गरेको सहयोग सराहनीय रहेको बताउनुभएको छ।

चीनको युनान प्रदेश खेलकुद प्रशासनका निर्देशक याङ ष्होङ हुआसहितको प्रतिनिधिमण्डलसँग सोमबार त्रिपुरेश्वरस्थित आफ्नै कार्यकक्षमा भएको भेटमा सदस्य–सचिव घिसिङले भन्नुभयो, “चीन सरकारले खेलकुदसहित नेपालको विभिन्न क्षेत्रमा गर्दै आएको सहयोग प्रशंसनीय र सराहनीय छ। यसले नेपाल र चीनबीच रहँदै आएको सुमधुर सम्बन्धलाई अझ प्रगाढ बनाउनेमा विश्वस्त छु।”

सदस्य–सचिव घिसिङले दुई देशबीच खेलकुदका क्षेत्रमा दिगो हिसाबले सहकार्य गर्नका लागि छलफल र गृह कार्यगरी अगाडि बढ्न तयार रहेको जानाउँदै राखेपलाई खेल सामाग्री र खेलकुद विज्ञान ‘रिसर्च ल्याब’ का लागि सामग्री सहयोग गरेकोमा धन्यवाद दिनुभयो। निर्देशक याङसहितको प्रतिनिधिमण्डल पोखरामा भएको ‘क्रस कन्ट्री’ दौडका लागि नेपाल आएको थियो। सोही कार्यक्रमका दौरान निर्देशक याङले राखेपलाई सामग्री हस्तान्तरण गर्नुभएको थियो। निर्देशक याङले नेपालसँग खेलकुद, पर्यटन र सांस्कृतिक क्षेत्रमा विशेषगरी युवा लक्षित कार्यक्रममा सहकार्य गर्न चाहेको बताउँदै युनान भ्रमणका लागि निमन्त्रणा गर्नुभयो । उहाँले यो कार्यका लागि दूतावासको समन्वयमा छलफल गरेर अगाडि बढ्न सम्झौता गर्नुपर्नेमा जोड दिँदै ‘आउटडोर स्पोर्ट्स’ का लागि युनान एक उत्कृष्ट स्थल भएको बताउनुभयो । भेटका दौरान नेपालका लागि चीन दूतावासका प्रतिनिधिको पनि उपस्थिति रहेको थियो। भेटपछि निर्देशक याङसहितको प्रतिनिधिमण्डल स्वदेश फर्कन त्रिपुरेश्वरबाटै विमानस्थल गएको थियो।


## डिभिजन वन कार्यालय कास्कीको

## काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/२७)

श्री पश्चिम पृतना हेड क्वाटर, विजयपुर ब्यारेक, कास्कीको कम्पाउण्ड हाताभित्र रहेका जोखिमयुक्त रुखहरु नियमानुसार कटान, मुछान गरी उत्पादन भएको खयर गोलिया थान ८६ को १७४.६६ घ. फि. (स्यापउड सहितको परिमाण) काठ र सिमल दाउरा ०.२४ चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ नियम १२८ (संशोधन समेत) अनुसारको योग्यता पुगेका प्रचलित कानून बमोजिम काठ दाउरालाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने गरी दर्ता भएका काष्ठ उद्योग/व्यवसायी फर्मले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्म बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। विस्तृत जानकारीको लागि डिभिजन वन कार्यालय कास्की र पश्चिम पृतना हेड क्वाटर, विजयपुर ब्यारेक, कास्कीमा समेत सम्पर्क राख्न सकिने छ।

डिभिजनल वन अधिकृत